सम्वत् २०७६ सालको ऐन नं. ०४

# राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७६/०७७ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **राष्ट्र ऋण उठाउने अधिकार:** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७६/०७७ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रु. १,९५,००,००,००,०००।- (अक्षरेपी एक खर्ब पन्चानब्बे अर्ब) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

(२) नेपाल सरकारले आर्थिक वर्ष २०७६/०७७ सम्मको नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी अधिविकर्षलाई नेपाल सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको सावाँ ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।

असार १३, २०७६ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधनविना पारित गरेको र असार २४, २०७६ मा बसेको राष्ट्रिय सभाको बैठकले यो अर्थ विधेयकलाई सुझावविना फिर्ता पठाउने गरी पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

.........................

कृष्ण बहादुर महरा
सभामुख
प्रतिनिधि सभा

प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

(विद्यादेवी भण्डारी)
राष्ट्रपति

मिति: २०७६/०३/३०

संघीय संसद सचिवालय